# प्रेस विज्ञप्ती

कार्तिक २८, २०७८

# सिद्धार्थ बैंकको सहयोगमा १०० वटा सेतो छडी वितरण

सिद्धार्थ बैंक लिमिटेडले २०७८ कार्तिक २८ गते आइतबारको दिन काठमाण्डौ स्थित अपाङ्गता संरक्षण नेपाललाई सामाजिक उत्तरदायित्व अन्तर्गत १०० वटा सेतो छडीको लागि रु. नब्बे हजार आर्थिक सहयोग प्रदान गरेको छ । सो रकम बैंकका तर्फबाट का.मु. प्रमुख कार्यकारी अधिकृत श्री सुन्दर प्रसाद कडेल ज्यूले अपाङ्गता संरक्षण नेपालका अध्यक्ष श्री बिरोध खतिवडा ज्यूलाई हस्तान्तरण गर्नुभएको हो ।

बैंकबाट प्राप्त उक्त सहयोगबाट अपाङ्गता संरक्षण नेपालले आउदो मंसिर १७ गते अन्तरराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा दृष्टिविहिन व्यक्तिहरूलाई सेतो छडी प्रदान गर्न प्रयोग गर्नेछ । अपाङ्गता भएका व्यक्तिहरूको हक, अधिकार तथा जीवनस्तर सुधारको लागि काम गर्दै आईरहेको उक्त संस्थालाई पुऱ्याएको सो रकम सहयोगबाट दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरूलाई गतिशीलता तथा स्वतन्त्रताका साथ आफ्ना दैनिकी दिनचर्या पूरा गर्न मद्दत पुग्ने विश्वास बैंकले लिएको छ ।

बैंकले विभिन्न सामाजिक उत्तरदायित्व निर्वाह सम्बन्धि कार्यहरूमा सहभागिता जनाउँदै आएको र आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिदै जाने उद्देश्य बैंकको रहेको छ ।